राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०७, संख्या ८ , मकवानपुर, कार्तिक २४ गते, २०८० साल

## भाग २

## राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यापालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**राक्सिराङ्ग गाउँपालिकाको बसाईं सरी आउनेलाई घर उपहार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०**

संवत् २०८० सालको कार्यविधि नं. ९६

# राक्सिराङ्ग गाउँपालिकाको बसाईँ सरी आउनेलाई घर उपहार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

## प्रस्तावना

राक्सिराङ्ग गाउँपालिकाबाट भैरहेको अत्याधिक बसाईसराईको दरलाई न्युनीकरण गर्दै यहाँको स्रोत साधनको उच्चतम उपयोगतर्फ अन्य पालिकाका बासिन्दाहरुलाई आकर्षित गर्न यस गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश गरिएको राक्सिराङ्गमा बसाई सरी आउनेलाई घर उपहार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपले सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहको अधिकारको उपयोग गर्दै गाउँ कार्यपालिकाको मिति २०८० कार्तिक २४ गतेको निर्णयानुसार राक्सिराङ्ग गाउँपालिकामा बसाईँ सरि आउनेलाई घर उपहार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० स्वीकृत गरि जारी गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. यस कार्यविधिको नाम **राक्सिराङ्ग गाउँपालिकामा बसाईँ सरि आउनेलाई घर उपहार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०** रहने छ ।

२. यस कार्यविधि राजपत्रमा सूचना प्रकाशित गरेपछि तुरुन्तै लागु हुनेछ ।

### परिच्छेद-२
### परिभाषा

३. विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिभित्र

   क. "गाउँपालिका" भन्नाले राक्सिराङ्ग गाउँपालिका सम्झनुपर्दछ ।

   ख. "कार्यालय" भन्नाले राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झिनुपर्दछ ।

ग. "लाभग्राही" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम गठन हुने समितिले छनौट गरी सिफारिस गरेको गाउँपालिका भित्रका बासिन्दा सम्झनुपर्दछ ।

घ. "समिति" भन्नाले दफा ७ बमोजिम गठित छनौट समिति सम्झनुपर्दछ ।

परिच्छेद-३ कार्यक्रमको उद्देश्य र सञ्चालन प्रकृया

४. **राक्सिराङ्ग गाउँपालिकामा बसाईं सरि आउनेलाई घर उपहार कार्यक्रम**को देहायबमोजिम उद्देश्यहरु रहेका छन्:

क. राक्सिराङ्ग गाउँपालिकाभित्र आप्रवासन बढाउने ।

ख. यस गाउँपालिका क्षेत्रभित्रका खेतियोग्य जमिनको उपयोग, बाँझो जमिन तथा अन्य प्राकृतिक तथा मानवीय स्रोत साधनको उच्चतम उपयोग गर्ने ।

ग. गाउँपालिकाभित्र व्यवस्थित बस्ति विकास सम्बन्धि अवधारणालाई कार्यान्वयन गर्ने ।

घ. शहरकेन्द्रित अव्यवस्थित बसाईसराईलाई न्युनीकरण गरी अव्यवस्थित शहरीकरण नियन्त्रणमा टेवा प्रदान गर्ने ।

५. लाभग्राहि हुनका लागि योग्यता :

क. राक्सिराङ्ग गाउँपालिकाको कुनैपनि वडामा अन्य जुनसुकै पालिकाबाट बसाईं सरी आएको नेपाली नागरिक हुनुपर्नेछ ।

ख. सम्भावित लाभग्राहिको नाममा कम्तिमा कठ्ठामा कारोबार हुने क्षेत्रमा दूई कठ्ठा र पहाडि भुभागमा कम्तिमा दूई रोपनी नम्बरी जग्गाको स्वामित्व हुनुपर्नेछ ।

ग. मुल सडक वा भित्री सडकले छोएको जग्गा हुनुपर्नेछ ।

घ. यस कार्यविधि लागु भएपछि (चालु आर्थिक बर्षदेखि) बसाईं सरि आएका बासिन्दाहरु मात्र यस कार्यक्रममा सहभागि हुन सक्नेछन् ।

ङ. विगतमा यहि गाउँपालिकाभित्र स्थायी बसोबास भई हाल अन्यत्र बसाई सरि गएका र यहाँको जग्गा जमिनमा पूनः बसोबास गर्न आउने व्यक्ति वा निजको प्रथम पुस्ताको हकमा यो कार्यक्रम लागु हुदैन ।

६. निवेदन दिनुपर्ने : गाउँपालिकाभित्र बसोबास गरिरहेका दफा पाँच बमोजिम योग्यता पुगेका सम्भावित लाभग्राहिहरुले आवास अनुदानको लागि आवश्यक कागजातहरु संलग्न गरेर तोकिएको ढाँचाको निवेदन कार्यालयमा पेश गर्नुपर्नेछ ।

७. लाभग्राहि छनौट समिति : कार्यक्रम सञ्चालनका लागि ईच्छुक व्यक्तिहरुको निवेदनहरुउपर छलफल गरी तोकिएको आधार तथा मापदण्ड बमोजिम निवेदनहरुको मुल्याङ्कन तथा सिफारिसको लागि देहायबमोजिमको प्राविधिक समिति गठन गरिनेछ ।

- पूर्वाधार विकास समिति संयोजक -संयोजक
- सम्बन्धित वडाका वडा अध्यक्ष -सदस्य
- कार्यपालिका सदस्य -सदस्य
- योजना शाखा प्रमुख -सदस्य
- पञ्जिकरण उपशाखा हेर्ने कर्मचारी -सदस्य
- सम्बन्धित विषय हेर्ने सब-ईन्जिनियर -सदस्य सचिव

क. समितिको बैठक आवश्यकताअनुसार बस्न सक्नेछ । बैठकमा आवश्यकता अनुसार अन्य सदस्यहरुलाई आमन्त्रित गर्न सक्नेछ ।

ख. समितिको कार्यविधि आँफैले निर्धारण गरेबमोजिम हुनेछ ।

८. कार्यक्रम सञ्चालन कार्यक्रम सञ्चालन सम्बन्धि व्यवस्था देहायबमोजिम हुनेछ

क. कार्यालयले कार्यविधि स्वीकृत भएलगत्तै सूचना प्रकाशित गरेर निवदेन माग गर्नेछ ।

ख. गाउँपालिका क्षेत्रभित्र अन्यत्र पालिकाबाट बसाई सरि आएका सम्भावित लाभग्राहिहरुले आवास निर्माण अनुदानको लागि तोकिएबमोजिम कागजातहरु संलग्न राखि निवेदन पेश गर्नुपर्नेछ ।

ग. निवेदन पेश गर्दा लाभग्राहि हुनको लागि आवश्यक योग्यता खुल्ने यथेष्ठ प्रमाण पुग्ने कागजातहरुको साथमा अनुसुची-१ को ढाँचामा निवेदन दिनुपर्नेछ ।

घ. निवेदन प्राप्त भएपश्चात कार्यालयबाट खटाईएको प्राविधिक कर्मचारीले स्थलगत अनुगमन गर्नेछ ।

ङ. प्राविधिकको स्थलगत अनुगमनबाट प्रतिवेदन प्राप्त भएपश्चात दफा ७ बमोजिम गठित समितिले लाभग्राहि एकिन गरी कार्यप्रकृया अगाडि बढाउन कार्यालयलाई सिफारिस गर्नेछ ।

९. लाभग्राहि छनौटको आधार : दफा ५ बमोजिम योग्यता पुगेको र रितपूर्वक निवेदन पेश गरि दफा ७ बमोजिम छनौट समितिबाट छनौट भएको हुनुपर्नेछ ।

## परिच्छेद-४

## लागत सहभागिता र बजेट निकासा

१०.लाभग्राहि यकिन भएपश्चात अनुसूची-२ अनुसारको भुकम्प प्रतिरोधि आवासको मापदण्ड पुरा गरि लाभग्राहिलाई भवन निर्माण गर्न लाभग्राहिसँग सम्झौता प्रदान गरी ईजाजत पत्र प्रदान गरिनेछ ।

११.अनुदान निकासा : भवन निर्माण प्रगतिको आधारमा निम्नानुसार अनुदान प्रदान गरिनेछ ।

क. प्लिन्थ लेवल पुरा भएपछि
प्रथम किस्ता रु. ५००००

ख. गारो सकीएपछि

दोश्रो किस्ता रु. १५००००

ग. छानो र झ्याल ढोका पालि पुरा गरि घर सम्पन्न भएपछि

अन्तिम किस्ता रु. १०००००

१२.लागत सहभागीता : लाभग्राहिले चाहेमा आफ्नो तोकिएको अनुदान रकममा लागत सहभागितामा भुकम्प प्रतिरोधि भवन निर्माण गर्न सक्नेछ तर त्यस्तो भवनको लागि अनुदान निकासा दफा ११ बमोजिम नै हुनेछ ।

१३.अनुदान रकम लाभग्राहिको बैङ्क खातामार्फत निकासा हुनेछ ।

१४.कार्य सम्पन्न अवधिः भवन निर्माण कार्य सम्पन्न गर्न सम्झौता भएको मितिले अधिकतम ६ महिना म्याद हुनेछ । कथं कदाचित उक्त समयावधिभित्र कार्य सम्पन्न हुन नसकेमा मनासिव कारण सहित सम्बन्धित वडाको वडा अध्यक्षको सिफारिस लिई समितिले निर्णय गरि म्याद थप गर्न सक्नेछ ।

१५.भवन निर्माण अवधिभित्रै लाभग्राहिको मृत्यु, मानसिक रुपमा विचलित भएमा वा विवाह गरि अन्यत्र गएमा कानुनी प्रकृया पुरा गरेर निजको निकटतम हकवालालाई लाभग्राहि कायम गरिनेछ ।

१६.अनुदानबाट भवन निर्माण भईसकेपछि लाभग्राहिले भवन निर्माण भएको घर जग्गा आगामी १० बर्ष सम्म बेचविखन गर्न पाईनेछैन । तर बैङ्किङ्ग कर्जामा धितो सुरक्षण प्रयोजनको लागि भने यस कानुनले बाधा पारेको मानिने छैन ।

## परिच्छेद-५
## विविध

१७.कार्यक्रमको अनुगमन र मुल्याङ्कन : कार्यक्रमको अनुगमन र मुल्याङ्कन गाउँपालिका र वडाको अनुगमन र मुल्याङ्कन समितिले आवश्यकता अनुसार गर्नेछ ।

१८.अभिलेख राख्ने : यस कार्यक्रमको अभिलेख गाउँपालिकाको पुर्वाधार विकास उपशाखामा राखिनेछ । कार्यक्रम सञ्चालनको दौरानमा आवश्यक समन्वय तथा सुपरिवेक्षण सम्बन्धि कार्यहरु पनि सोहि शाखाको व्यवस्थापनमा हुनेछ ।

१९.संशोधन : यस कार्यविधिमा उल्लेख भएका विषयवस्तुहरुमा गाउँ कार्यपालिकाले निर्णय गरेर संशोधन गर्न सक्नेछ ।

२०.विविध : यस कार्यविधिमा उल्लेख भएका विषयहरु यहि कार्यविधिबमोजिम र अन्य विषयहरु प्रचलित अन्य कानुनबमोजिम हुनेछ ।

## अनुसुची – १

**(दफा ८ को उपदफा (ग) सँग सम्बन्धित।)**

**घर उपहारको लागि दिने निवेदनको ढाँचा**

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

..............................पालिका।

महोदय,

राक्सिराङ्ग गाउँपालिकामा बसाई सरी आउनेलाई घर उपहार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा ८ को उपदफा (ग) बमोजिम मैले घर उपहार प्राप्त गर्नको लागि देहायबमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु। । झुट्टा ठहरिए प्रचलित कानूनबमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ।

१. नाम, थर :

२. लिङ्गः (क) पुरुष (ख) महिला

(ग) अन्य

३. पारिवारिक विवरणः

(अ) वर्ग/समूहः (तपाई आफूलाई कुन वर्ग/समूहमा राख्न रुचाउनु हुन्छ? छान्नुहोस्।)

| आदिवासी जनजाती | दलित | वैश्य | मुसलमान | बाह्मण | क्षेत्री | मधेसी | अन्य |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(आ) अल्पसङ्ख्यक समुदायः हो/होइन

(इ) लोपोन्मुख जनजातिः हो/होइन

(ई) सीमान्तकृत वर्गः हो/होइन (यदि हो भने, अतिमीमान्तकृत वर्गः हो/होइन।)

(उ) परिवारको सङ्ख्याः जम्माः.......... जना पुरुषः जना.............महिलाः.................. जना

(ऊ) परिवारमा अपाङ्गता भएका सदस्यः छ/छैन (यदि छ भने उल्लेख गर्नुहोस्।)

१. नाम.......................................... उमेर.......................
अशक्तत्ताको प्रकृति पूर्ण अशक्त/अति अशक्त/मध्यम/सामान्य

२. नाम.................................उमेर...........................
अशक्तत्ताको प्रकृति पूर्ण अशक्त/अति अशक्त/मध्यम/सामान्य

४. बसाई सरी आएको ठेगानाः राक्सिराङ्ग गाउँपालिका वडा नः............. गाउँ/टोलः..........................

५. बसाई सरी आएको मितिः..........................................................

६. राक्सिराङ्ग गाउँपालिकामा आफ्नो स्वामित्वमा भएको जग्गाको विवरणः

क) ठेगानाः................................................................

ख) जग्गाको क्षेत्रफलः........ कट्ठा/रोपनी

ग) कित्ता नं ..................

घ) मुल सडक वा भित्री सडकले छोएको छ/छैन? ...................

७. सम्पर्क विवरण (उपलब्ध भएसम्म) फोन/मोबाइल नं./इमेल........................................................

८. संलग्न कागजातः

(क) लाभग्राहीको नागरिकताको प्रतिलिपि ।

(ख) लालपुर्जाको प्रतिलिपी ।

(ग) खाता नं. स्पष्ट बुझिने चेकको पानाको प्रतिलिपी ।

(घ) बसाई सराई प्रमाण पत्र ।

(ङ) वडाको सिफारिस ।

९. यसमा लेखिएको व्यहोराठीक साँचो हो। झूटा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला।

निवेदन दिने लाभग्राही वा घरमूली व्यक्तिको

नामः

हस्ताक्षरः


मितिः


मोबाइल नं.


## अनुसुची – २


(दफा १० सँग सम्बन्धित।)

## भुकम्प प्रतिरोधि आवासको मापदण्ड




connection in timber truss
scale : 1:48
Ridge beam (9"*5")
Vertical post (3"*5")
Gusset plate
CGI sheet roofing
Rafter (7"*3")
Floor joist (4"*4")
Wooden planks
RIDGE COVER
CGI SHEET
PERLIN
RAFTER
FLOOR LEVEL
LINTEL BAND
MID BAND
SILL BAND
FOUNDATION:Stone Mud Mortar
STONE MUD WALL
PCC-1:2:4
STONE SOILING-6"
PCC-1:2:4
Stone Soilling-6"
Rammed Earth
Geomeabrane
SECTION AT X-X
1/4" = 1'-0"
PCC-1:2:4
STONE SOILING-6"
RAMMED EARTH
PLASTIC
FOUNDATION DETAIL
scale : 1:48
16mm Ø BAR
STONE MUD WALL
PCC-1:2:4
STONE SOILING-6"
4NOS. 12Ø
TIE-BEAM
scale : 1:48
scale : 1:48
8mmØ@ 150mm
12mm Ø BAR
L-BAND
T-BAND


FRONT ELEVATION
BACK ELEVATION
GROUND FLOOR PLAN
FIRST FLOOR PLAN
ROOM-1
ROOM-2
TOILET
VERANDAH


SIDE ELEVATION
SIDE ELEVATION
connection in timber truss
scale : 1:48
Ridge beam (9"*5")
Vertical post (3"*5")
Gusset plate
CGI sheet roofing
Rafter (7"*3")
Floor joist (4"*4")
Wooden planks
Provide:
Length= 36'8", Breadth= 18'3", Floor Height=9'
Door(D)=3'x7' 6 no, Door(D1)=2'6"x6'6"1no Window=5'x5' 8no
Foudndation depth=4', rebar 12mm, stair width=3'
Roof=0.35mm 26 gauge color sheet.
For more refer drawing
PCC-1:2:4
STONE SOILING-6"
RAMMED EARTH
PLASTIC
FOUNDATION DETAIL
scale : 1:48
16mm Ø BAR
STONE MUD WALL
PCC-1:2:4
STONE SOILING-6"
4NOS. 12Ø
TIE-BEAM
scale : 1:48
1'6"
6"
12mm Ø BAR
L-BAND
scale : 1:48
T-BAND
12mm Ø BAR

आज्ञाले
देब चन्द्र गतौंला
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/मुद्रण रु १० मात्र ।